नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## कक्षा १ देखि ४ सम्मका पाठ्यपुस्तक छपाइ तथा वितरणका लागि मुद्रक तथा वितरकहरूको नवीकरण तथा सूचीकरण गरिएको सूचना

**प्रकाशन मिति २०७५।०९।२२**

विद्यालय पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण निर्देशिका, २०६७ बमोजिम शैक्षिक सत्र २०७६ मा देशभर कक्षा १ देखि ४ सम्मका चार रङ्का पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री छपाइ गरी बिक्री वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई प्रोफाइलसहित नवीकरण तथा सूचीकरणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी यस केन्द्रबाट मिति २०७५/०९/०३ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचनाअनुसार रीत पुऱ्याई म्यादभित्र प्रस्ताव पेस गरेका देहायबमोजिमका फर्म/संस्थाहरूको नवीकरण तथा सूचीकरण गरिएको व्यहोरा यस केन्द्रको मिति २०७५/०९/२२ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | मुद्रक तथा वितरकको नाम | ठेगाना |
|---|---|---|
| | **नवीकृत फर्महरू** | |
| १. | आसुतोष प्रिन्टर्स | पाटन औद्योगिक क्षेत्र, ललितपुर |
| २. | ओमशिव प्रिन्टिङ प्रेस | क्षेत्रपाटी, काठमाडौ |
| ३. | एक्सप्रेस कलर प्रेस क.प्रा.लि. | शङ्खमूल, काठमाडौ |
| ४. | ग्राफिक अफसेट प्रिन्टर्स | विराटनगर १२, मोरङ |
| ५. | जगदम्बा पब्लिकेसन प्रा.लि. | महेन्द्रनगर, कञ्चनपुर |
| ६. | पादुका कालसैनी प्रिन्टिङ प्रेस | नेपालगन्ज, बाँके |
| ७. | प्रिन्टर्स पार्टनर प्रिन्टिङ पब्लिसिङ मेटेरिएल्स प्रा.लि | मध्यपुर नपा १५, व्यासी, भक्तपुर |
| ८. | महावीर प्रिन्टर्स एन्ड पब्लिसर्स | विराटनगर १४, मोरङ |
| ९. | मिसन प्रिन्टर्स एन्ड मिडिया प्रा.लि. | सीतापाइला, काठमाडौ |
| १०. | विद्याधरी प्रिन्टिङ प्रेस | पाटन औद्योगिक क्षेत्र, ललितपुर |
| ११. | सहयात्रा प्रिन्टर्स एन्ड पब्लिसर्स प्रा.लि. | विराटनगर ६, मोरङ |
| १२. | सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. | बल्खु, काठमाडौ |
| १३. | स्वर्गद्वारी अफसेट प्रेस | मीनभवन, काठमाडौ |
| १४. | हंसबाहिनी प्रिन्टर्स एन्ड पब्लिकेसन प्रा.लि. | विराटनगर १४, मोरङ |
| १५. | नयाा मुलुक प्रकाशन प्रा.लि. | नेपालगन्ज, ५ बाँके |
| १६. | लोकेन्द्र प्रिन्टिङ एन्ड पब्लिकेसन प्रा.लि. | घनगढी १, कैलाली |
| | **सूचीकृत फर्महरू** | |
| १. | क्वालिटी प्रेस | भरतपुर, चितवन |

**नवीकृत तथा सूचीकृत फर्म/संस्थाहरूले कक्षा १- ४ का पाठ्यपुस्तकका** मुद्रणीय प्रति ( Print Ready Copy÷ PRC) को छपाइ अनुमति प्राप्त गर्न यो सूचना प्रकाशन भएको मितिले ३ दिनभित्र तपसिलबमोजिमको धरौटी र राजस्व रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचर यस केन्द्रमा पेस गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

(क) **धरौटी सम्बन्धमा :** नवीकृत फर्मले विगत वर्षमा जम्मा गरेको अद्यावधिक धरौटी भौचरको प्रमाणित प्रतिलिपि र सूचीकृत हुनेले नेपाल बैङ्क लिमिटेड, कमलविनायक भक्तपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. १९-५१-९०७४ मा रकम रु ५,००,०००।- (रु. पाँच लाख) धरौटी जम्मा गरेको भौचरको सक्कल प्रति पेस गर्नुपर्ने छ ।

**(ख) राजस्व सम्बन्धमा :** नवीकृत फर्मले परिवर्तन नभएको मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. ५०००। ( पाँच हजार) र परिवर्तित मुद्रणीय प्रतिका हकमा प्रति पुस्तक रु. १००००। (दस हजार) एवम् सूचीकृत हुनेले प्रत्येक पुस्तकको मुद्रणीय प्रति प्राप्त गर्नका लागि रु.१००००। (हस हजार) का दरले नेपाल बैङ्क लिमिटेड भक्तपुरमा रहेको राजस्व शीर्षक १४२२३ मा यस केन्द्रको कोड न. ३५०००३३०५ र महालेखा नियन्त्रकको कार्यालयको राजस्व खाता न. ००१०१०००००००१००१००१ मा रकम दाखिला गरेको **भौचरको** सक्कल प्रति पेस गर्नुपर्ने छ ।

**पुनश्च :** प्रस्तावकले पेस गरेका विवरणमा फरक पर्न गई पाठ्यपुस्तक छपाइ तथा वितरणमा सुनिश्चितता प्राप्त हुन नसकेमा कानुनबमोजिम कारबाही गरी केन्द्रले जुनसुकैबखत नवीकरण/सूचीकरण रद्ध गर्न सक्ने छ ।